# नेपाल राष्ट्र बैंक
# केन्द्रीय कार्यालय
# विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्याः-* ४०९ *मिति :-* २०६३/१२/११

**इजाजतपत्रप्राप्त "क" वर्गका (बैंक) संस्थाहरू ।**

विषय :- **परिवर्त्य विदेशी मुद्रामा ऋण प्रदान गर्ने बारे ।**

महाशय,

देहाय वमोजिमका उद्योगहरूलाई देहायका शर्तहरूको अधीनमा रही परिवर्त्य विदेशी मुद्रामा ऋण प्रदान गर्न सकिने व्यवस्था रहेकोले सोही वमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. निर्यात क्षेत्रमा लागेका औद्योगिक उत्पादनकर्ता फर्म/कम्पनीहरूलाई कच्चा पदार्थ आयात गर्न निम्न शर्तहरूको अधीनमा रही परिवर्त्य विदेशी मुद्रामा अल्पकालीन ऋण प्रदान गर्न सकिनेछ :

<u>शर्तहरू</u>

(क) यस्तो ऋण प्रदान गर्दा सम्बन्धित निर्यात उद्योगलाई आवश्यक हुने कच्चा पदार्थको आयातका लागि खोलिएको प्रतीतपत्रको आधारमा मात्र प्रदान गर्नुपर्ने,

(ख) यस्तो ऋण प्रदान गर्दा निर्यात भई भुक्तानी आउन वांकी रहेको निर्यात प्रतीतपत्रले खाम्ने रकमसम्म मात्र प्रदान गर्नुपर्ने,

(ग) यसरी प्राप्त ऋणको साँवा, व्याज भुक्तानी सम्बन्धित उद्योगले आफ्नो निर्यात आर्जनबाट परिवर्त्य विदेशी मुद्रामानै गर्नुपर्ने, र

(घ) यस्तो ऋणमा लाग्ने व्याज दर सम्बन्धित बैंक आफैले तोक्न सक्ने ।

२. १०० किलोवाट. देखि १००० किलोवाटसम्म विद्युत शक्ति उत्पादन गरी विक्री वितरण गर्ने निजी क्षेत्रका उद्योग तथा आफ्नै प्रयोजनका लागि विद्युत उत्पादन गरी खपत गर्ने उद्योगहरूलाई निम्न शर्तहरूको अधीनमा रही परिवर्त्य विदेशी मुद्रामा अल्प वा मध्यमकालीन ऋण प्रदान गर्न सकिनेछ :

<u>शर्तहरू</u>

(क) सानो स्केलमा विद्युत उत्पादन गरी विक्री वितरण गर्न वा कुनै उद्योगले आफ्नै प्रयोजनका लागि विद्युत उत्पादन गर्नका निमित्त परिवर्त्य विदेशी मुद्रामा लगानी गर्नुपर्ने भएमा मात्र यस्तो ऋण प्रदान गर्न सकिने,

(ख) यसरी प्रदान गरिने ऋण विद्युत उत्पादन सम्बन्धी उपकरणहरूको आयात भुक्तानी गर्ने प्रयोजनका लागि मात्र उपयोग गर्नुपर्ने,

(ग) यस्तो ऋण सुविधा उपलब्ध गराउँदा विद्युत उत्पादनका उपकरणहरू आयात गर्न खोलिएका प्रतीतपत्रको आधारमा मात्र गर्नुपर्ने,

(घ) यस्तो ऋणमा लाग्ने व्याज दर सम्बन्धित बैंकले आफै तोक्न सक्ने, र

(ङ) आफ्नो उद्योगको आवश्यकता वाहेक विद्युत उत्पादन गरी बिक्री वितरण गर्ने साना स्केलका उद्योगहरूको हकमा भने यस प्रकारको ऋण सुविधा प्रदान गर्दा यस बैंकको पूर्व स्वीकृति लिनुपर्नेछ ।

३. परिवर्त्य विदेशी मुद्रा आर्जन गर्ने पर्यटन र निर्यात उद्योगहरूलाई देहायका प्रयोजनका लागि देहायका शर्तहरूको अधिनमा रही परिवर्त्य विदेशी मुद्रामा ऋण प्रदान गर्न सकिनेछ ।

<u>शर्तहरू</u>

(क) यो सुविधा सम्बन्धित पर्यटन र निर्यात उद्योगहरूको लागि आवश्यक हुने आयातको भुक्तानीको लागि मात्र प्रयोग गर्न पाइने ।

(ख) यस्तो ऋण रकमको साँवा/व्याज सम्बन्धित उद्योगले आफूसँग रहेको परिवर्त्य विदेशी मुद्रा मध्येबाट भुक्तानी गर्नुपर्ने ।

(ग) यस प्रयोजनको लागि बैंकहरूले विदेशी बैंकबाट कुनै किसिमको ऋण सुविधा लिन पाउने छैन । तर, यस प्रयोजनका लागि बैंकहरूलाई विदेशी मुद्रा आवश्यक परेको खण्डमा यस बैंकले प्रचलित विनिमय दरमा आवश्यक विदेशी मुद्रा विक्री गर्नेछ ।

४. गलैंचा उद्योगले खपत गर्ने ऊन मात्र आयात गर्ने उद्देश्यले खोलिएका कम्पनीहरूले “व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्र”को सिफारीसमा प्रतीतपत्रमार्फत कच्चा ऊन आयात गर्दा देहायमा उल्लेखित शर्तहरूको अधीनमा रही परिवर्त्य विदेशी मुद्रामा ऋण प्रदान गर्न सक्ने ।

<u>शर्तहरू</u>

(क) यो सुविधा अधिकतम ६ महिनाको लागि मात्र हुनेछ ।

(ख) ऋणको व्याजदर सम्बन्धित बैंक आफैले निर्धारण गर्नुपर्नेछ ।

(ग) यो सुविधा अन्तर्गत लिएका ऋणको हिसाव किताव विदेशी मुद्रामानै राख्नुपर्नेछ ।

(घ) ऋणको साँवा/व्याज चुक्ता गर्दा प्रचलित विनिमय दर अनुसार नेपाली रूपैयाँमा भुक्तानी गर्नुपर्नेछ ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक